# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २४० | बुटवल | २०८१ भदौ १०, गते सोमबार | नेपाल संवत ११४४ | Monday Aug.26 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१




**अन्तर्राष्ट्रिय सीमामा जेसीबीले स्वागत :**

नेपाल-भारत सीमा नाका बेलहियामा नेपाल प्रवेश गर्ने नाका नै अस्तव्यस्त छ। सिद्धार्थनगर नगरपालिकाले बनाउन लागेको प्रवेशद्वार अलपत्र छाडिएको छ भने महिनौ दिनदेखि मुख्यद्वारमै जेसीबी राखिएको छ। पर्यटनका ठूला ठूला कुरा गर्दा पर्यटकको पहिलो छाप सीमामा यस्तो देखेपछि के होला ? महिनौदेखि राखिएको जेसीबीमा घाँस उम्रे पनि सम्बन्धित निकायको ध्यान जान सकेको छैन। *तस्विर मोहम्मद हबिब/दैनिक लुम्बिनी*

शंकास्पद नागरिकता प्रकरण :

## छानवीनमा सघाउँछु : वडाध्यक्ष राणा



भैरहवा । करोडौंको घर जग्गा हडप्न निसन्तान व्यक्तिलाई बाबु कायम गरी मृत्यु दर्ता र अन्य कागजात बनाइएको घटनाको छानवीनमा सघाउने सिद्धार्थनगर नगरपालिकाकै जनप्रतिनिधिले प्रतिबद्धता गरेका छन् ।

सिद्धार्थनगर नगरपालिका ८ का वडाध्यक्ष राजनजंग राणाले आइतबार पत्रकार सम्मेलन गरी आफ्नो वडाकी रिखीदेवी अग्रवालसँग सम्बन्धित कागजातका विषयमा छानवीनको लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् । उनले आफूले गैरकानुनी काम नगरेको दाबी गर्दै रिखीदेवी अग्रवालका श्रीमान राजेशकुमार अग्रवालले बसोबास, परिवारिक विवरण र नाता प्रमाणितलगायतका लागि पेश गरेका कागजपत्र शंकास्पद देखिएपछि सबै प्रकृया रोकेको स्पष्ट पारे ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-६ का निसन्तान सुखु मल्लाहको नाम राखी श्रीमानबाट सनाखत बनाएर रिखीदेवी र मालतीले नागरिकता लिएपछि सम्पत्ती हत्याउन खोजेको पाइएको हो ।

निसन्तान सुखुको मृत्युपछि अदालतको फैसलाबाट उनको सम्पत्ती दाइ फौदार मल्लाहका छोराहरु लालजित र सन्त मल्लाहको नाममा गएको थियो । तर, जनप्रतिनिधि र प्रशासनको मिलेमतोमा फरक ठाउँमा सर्जमिन गराई भारतीय नागरिक बदल मल्लाहका छोरीहरु मालती मल्लाहीन र रिखीदेवी मल्लाह अग्रवालले सम्पत्ती हत्याउन खोजेका हुन् ।

» *बाँकी ३ पेजमा*

४ व्यवसायिक संस्थाहरूको असहमति

## जुत्ता मेलाले अनुमति लिएको छैन : उप-महानगर





*मेला महोत्सवका लागि उप-महानगरबाट स्वीकृति र अनुमति लिनुपर्ने स्थानीय ऐनमा व्यवस्था छ । उप-महानरगका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जुत्ता मेला सञ्चालनका लागि आयोजकले अनुमति नलिएको स्पष्ट पारे। 'बुटवलभित्र जुनसुकै मेला महोत्सव सञ्चालन गर्न उप-महानगरसँग अनिवार्यरुपमा अनुमति लिनुपर्छ, तर उहाँहरुले लिनुभएको छैन,' खनालले भने-'मेला महोत्सवका निश्चित मापदण्ड, निश्चित ठाउँ हुन्छ, त्यो पूरा गर्नुपर्ने हुन्छ।'*

बुटवल । बुटवलको डेल्टामार्टमा सञ्चालन तयारी गरिएको जुत्ता मेलाका लागि आयोजकले बुटवल उप-महानगरपालिकासँग अनुमति नलिएको पाइएको छ । मेला महोत्सवका लागि उप-महानगरबाट स्वीकृति र अनुमति लिनुपर्ने स्थानीय ऐनमा व्यवस्था छ। उप-महानरगका प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जुत्ता मेला सञ्चालनका लागि आयोजकले अनुमति नलिएको स्पष्ट पारे । 'बुटवलभित्र जुनसुकै मेला महोत्सव सञ्चालन गर्न उपमहानगरसँग अनिवार्यरुपमा अनुमति लिनुपर्छ, तर उहाँहरुले लिनुभएको छैन,'-खनालले भने-'मेला महोत्सवका निश्चित मापदण्ड, निश्चित ठाउँ हुन्छ, त्यो पूरा गर्नुपर्ने हुन्छ।'

उक्त मेलाबारे बुटवलका ४ वटा व्यवसायिक संघसंस्थाले समेत असहमति जनाएका छन् ।

आइतबार मेलाप्रति असन्तुष्ट व्यवसायीको एक समूहले मेलास्थलमा पुगेर मेला रोक्न दबाब दिएका थिए ।

बाहिरबाट आएका एकजना व्यवसायीले मेलाको मर्म र भावना विपरीत दुई महिना लामो मेला सञ्चालन गर्दा बुटवल क्षेत्रका हजारौं व्यवसायी मारमा पर्ने भन्दै उनीहरुले असहमति जनाउँदै रोक्न माग गरेका छन् । रुपन्देही व्यापार संघले मेलाको विपक्षमा औपचारिक अगुवाइ नै गरेर रोक्न माग गरेको छ भने यसमा बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ र उद्योग व्यापार संघ बुटवलले समेत ऐक्यबद्धता जनाएका छन् ।

४ संस्थाको असहमतिपछि वडा कार्यालयले मेला आयोजकलाई ४ वटा व्यवसायिक संघसंस्थासँग समन्वय गरेर मात्रै मेला सञ्चालन गर्न पत्राचार गरेको छ ।

बुटवल उप-महानगरपालिका वडा नं. ८ ले बुटवल मिलनचोकस्थित डेल्टा एजुकेशन मार्टको नेपाली लुगा घरलाई भदौ ७ देखि कात्तिक ७ गतेसम्म दुई महिना लामो समय जुत्ताको व्यापार व्यवसाय गर्नेगरी मेला सञ्चालनको लागि अनुमति दिएको थियो ।

यद्यपि रुपन्देही व्यापार संघका महासचिव फर्सुराम पन्तले वडाध्यक्ष यज्ञ पंगेनीको सहमति बेगर कर्मचारीले राजस्व बुझेर अनुमति दिनु गलत भएको बताए। नेपाली लुगा घरका सञ्चालक प्रकाश भुसालले डेल्टा मार्टलाई २ महिनाको १ लाख भाडा र जुत्ता बिक्रीको १५ प्रतिशत कमिशन लिने शर्तमा मेला सञ्चालन गर्न दिएको खुलेकाले यो आम व्यवसायी र उपभोक्ताको हित विपरीत भएकाले विरोध जनाउनुपरेको बताए ।

डेल्टाका अरु सञ्चालकसँग बुझ्दा समन्वय नगरी भुसालले आफू एक्लैले मेला सञ्चालन गर्न खोजेको देखिएको समेत पन्तले जनाए। व्यवसायीका संघसंस्थाले विरोध जनाएको मेला रोक्ने वा सञ्चालन गर्न दिने निर्णय बुटवल उपमहानगरले छिटो गर्नुपर्ने पन्तले बताए।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले बुटवलका आम व्यवसायीको व्यवसायमा मन्दी छाएको, आर्थिक अवस्था गिर्दो रहेको र व्यवसायीहरु पलायन हुने स्थिति रहेको अवस्थामा बाहिरबाट आएर यहाँ मेला सञ्चालन गर्ने कुरा यहाँका व्यवसायीको हित विपरीत रहेको बताए।

नेपाल उद्योग व्यापार महासंघका महासचिव खिमनारायण पराजुलीले मेलाको आयोजक बुटवलको कुनै न कुनै व्यवसायिक संस्था हुनु पर्ने, बुटवल क्षेत्रमा मेला महोत्सव गर्दा यस क्षेत्रमा स्थापित ४ वटा व्यवसायिक संघ संस्थाको समन्वय र परामर्शमा मात्र संभव हुने बताए। 'बुटवल बजारले १५ दिनभन्दा बढी अवधि भएका कुनै पनि मेला महोत्सव थेग्न सक्दैन, बजारका व्यवसायीहरू तहसनहस हुन्छन् ।'-पराजुलीले भने ।

उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले बुटवलमा मेला महोत्सव बुटवलमा स्थापित ४ वटा व्यवसायिक संस्थाले सञ्चालन गर्ने स्थापित परिपाटीविपरीत व्यक्ति विशेषले पसल दर्ता गरेर मेला सञ्चालन गर्नु सरासर गलत भएको बताए। 'चाडपर्वको बेला सबै व्यवसायीले धेरैथोरै व्यापार होला भनेर बसेका बेला बाहिरबाट आएका व्यवसायीले दुई महिना लामो मेला गर्ने, त्यसबाट १५ प्रतिशत कमिसन लिने कुरा आएको छ, यस्तो स्वीकार्य हुँदैन ।'-पाण्डेले भने ।

मेलाका बारेमा रुपन्देही व्यापार संघ, बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ र उद्योग व्यापार संघका नेतृत्वको बैठकमा जुत्ता मेलाका नाममा चाड पर्वभरि एउटा व्यक्तिले व्यापार गर्ने नीहित स्वार्थ रहेकाले यहाँका व्यापारीको हितविपरीत हुने मेला हुन नहुने निश्कर्ष निकालिएको बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए ।

बैठकमा रुपन्देही व्यापार संघका अध्यक्ष दीपक अधिकारी, बुटवल उद्योग वाणिज्य संघका महासचिव मुक्ति अधिकारी, रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्ण पराजुली र उद्योग व्यापार संघका अध्यक्ष विष्णु पाण्डे सहभागी थिए ।

नेपाली लुगा घरका सञ्चालक प्रकाश भुसालले भने स्वदेशी जुत्ता उपभोक्तालाई सुपथ मूल्यमा बेच्ने उद्देश्यले गर्न लागिएको मेला बिथोल्न खोज्नु गलत भएको बताए। भुसालका अनुसार आइतबार बिहान करिब ९ बजेको समयमा आएका २५/३० जनाको समूहले मेलास्थलका बोर्ड तथा स्टलहरु तोडफोड गर्नुकासाथै त्यहाँ कार्यरत व्यक्तिहरुलाई समेत हातपात गरेका थिए ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मेला महोत्सव सञ्चालन गर्न दिने, नदिने अधिकार स्थानीय सरकारलाई हुने भन्दै स्थानीय सरकारबाट अनुमति लिएर मेला सञ्चालन गर्नुपर्ने बताए ।

## पुरक बजेट ल्याउँदैनौ : मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारले पुरक बजेट नल्याउने स्पष्ट पारेका छन् । चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक कार्यक्रमहरुको पूर्ण कार्यान्वयनको लागि सरकारले कार्यविधि र कार्ययोजना निर्माण गरिसकेको जानकारी दिँदै उनले छुटेका योजनाहरुलाई अर्को आर्थिक वर्षमा समेट्न सकिने बताएका हुन् । बर्दिया जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, राजनीतिककर्मीलगायत सरोकारवालाहरुसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा छलफल गर्दै मुख्यमन्त्री आचार्यले योजना माग गर्दा प्रक्रियागत रुपमा आउन पनि आग्रह गरे । अघिल्लो सरकारमा आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आचार्यले बजेट बनाएका थिए ।

'तपाईंहरु स्पष्ट हुनुहोस्, सरकारले पुरक बजेट ल्याउँदैन। छुटेका योजनाहरुलाई अर्को वर्ष समेट्नेगरी तयारी थाल्छौं,'उनले भने-'योजना माग गर्ने प्रक्रिया हुन्छन् । ति पक्रिया पुरा गरेर आएका योजनाहरुलाई समेट्छौं ।' योजना माग्न मुख्यमन्त्री कार्यालय, मन्त्रालयहरुमा आउन नपर्ने, जिल्ला तहका विषयगत कार्यालयहरुमार्फत् योजनाहरु अघि बढाउन उनले आग्रह गरे। अघिल्ला सरकारले थालेका तर, पूरा हुन नसकेका योजनाहरुलाई वर्तमान सरकारले सम्बोधन गरेको पनि जानकारी दिए। १६८ खानेपानी आयोजना पुरा गर्नेगरी बजेटले सम्बोधन गरिएको पनि बताए।

» *बाँकी ३ पेजमा*




# सम्पादकीय

## चाडपर्व लक्षित अनुगमन गर

चाडबाडको मौसम सुरु भएको छ । तीज पर्व नजिकै आइरहेको छ । त्यसपछि दसैं र तिहार पर्व आउँदैछन् । चाडपर्वमा बजारमा बेथिती बढ्दा उपभोक्ता ठगिँदै आएका छन् । खाद्यान्न, लत्ताकपडालगायत सबै सामानमा मनपरी मूल्य वृद्धि हुँदा उपभोक्ता मारमा छन् । एकातिर वस्तुको मनपरी मूल्य छ, अर्कोतिर पैसा तिरेर गुणस्तरीय सामान नपाउने उत्तिकै संभावना छ ।

चाडपर्वमा अरुबेलाभन्दा उपभोक्ताको किनमेल बढी हुन्छ । व्यापारीले चाडपर्व लक्षित व्यापार गरिरहेका हुन्छन् । यो बेला उपभोक्तामैत्री व्यवहार छ कि छैन भनेर जाँच गर्ने सरकारी कार्यालय छन्, उनीहरुको सक्रियताले नै बजारमा उपभोक्तामाथि हुँदै आएको ठगी धन्दा नियन्त्रण हुनसक्छ । नापतौलको निगरानी गर्न गुणस्तर तथा नापतौल कार्यालय छ । खाद्यान्नको गुणस्तर जाँच्न खाद्य प्रविधि तथा गुणस्तर कार्यालय छ । ती कार्यालयको सक्रियता र कानुनको इमान्दारीपूर्वक कार्यान्वयन गर्न सक्दा बेथिति नियन्त्रण हुनसक्छ । अहिले बजारको नियमित अनुगमन गर्ने काम स्थानीय तहको हो । स्थानीय तहको उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन गर्ने संवैधानिक प्रबन्ध छ । स्थानीय तहले सम्बन्धित सरकारी कार्यालयका प्रतिनिधिलाई साथमा लिएर बजार अनुगमन गर्न सक्छन् । यद्यपी बजारमा जुन ढुंगको मनपरी र बेथिति छ, त्यहीअनुसार जनशक्ति व्यवस्थापन हुन नसक्दा ती कार्यालयले काम प्रभावकारी गर्न सकिरहेका छैनन् । उपभोक्ता हित र स्वास्थ्यसँग सरोकार राख्ने कार्यालयलाई साधन स्रोत नबनाउनु राज्यको कमजोरी हो । नागरिकले सरकार भएको अनुभूति गर्ने कार्यालयहरुमा पर्याप्त जनशक्ति हुन आवश्यक छ । बजारमा उपभोक्ता ठगिन नपर्ने, गुणस्तरहिन वस्तु उपभोग गर्न नपर्ने अवस्था हुँदा उनीहरुले प्रत्यक्ष सरकारको सक्रियताको अनुभूति गर्छन् ।

केही साताअघि बुटवलका केही डेरीमा अनुगमन भयो । समस्या देखियो । दूधमा गुणस्तरको कमजोरी देखियो । केही महिनाअघि यहाँका मासु पसलमा अनुगमन भयो, समस्या देखियो । गुणस्तर हिन मासुको बिक्री गर्ने गरेको, सरसफाइमा ध्यान नदिएको अनुगमन टोलीले थाहा पायो । बजारमा जहाँ पनि समस्या छ । कमजोरी गर्नेलाई उन्मुक्ति होइन्, कानुन अनुसार जरिवाना लगायत कारवाही हुने थिति बसाल्ने हो भने बजार लयमा अघि बढ्छ ।

व्यापारीको कमाउ धन्दाको जालोबाट उपभोक्तालाई बचाउन तहगत सरकारबिच संयोजनको खाँचो छ । स्थानीय सरकारले पालिकाभित्रको अनुगमनको योजना बनाउने र पालिकाले गर्ने अनुगमनमा सरोकारवाला सरकारी कार्यालयले सहजीकरण गर्दा धेरै राम्रो हुन्छ । चाडपर्व लक्षित अनुगमनको योजना बनाएर कार्यान्वयन गर्ने बेला हो हो । चाडपर्व लक्षित अनुगमन नियमित अनुगमनभन्दा अलि बढी हुनुपर्छ । उपभोक्तालाई प्रत्यक्ष प्रभाव पार्ने क्षेत्रमा अनुगमन गर्दा नतिजा राम्रो निस्कन सक्छ ।

## सेयर बजारमा उच्च अंकको गिरावट



काठमाडौं । आइतबार सेयर बजारमा उच्च अंकको गिरावट आएको छ । अघिल्लो कारोबार दिनको तुलनामा नेप्से परिसूचक ७९.८८ अंक घटेको हो । सो गिरावटपछि नेप्से २८९४ अंकमा झरेको छ । कुल १९ अर्ब ७४ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

६० कम्पनीको मूल्य बढ्दा १८४ को घटेको छ । यस दिन माइक्रोफाइनान्स बाहेकका सबै समूहगत सूचक घटेका छन् ।

माइक्रोफाइनान्स भने १.०८ प्रतिशत बढेको छ । बैंकिङ ३.३१, विकास बैंक २.४४, फाइनान्स ३.५०, होटल तथा पर्यटन २.३८, हाइड्रोपावर ३.०४, लगानी ३.८३, जीवन बिमा २.५०, उत्पादन १.९८, निर्जीवन बिमा २.३२, अन्य ३.५५ र व्यापार समूह १.७६ प्रतिशत घटे ।

समग्र बजार घट्दा पनि तीन लघुवित्त कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । विन नेपाल, उपकार, आत्मनिर्भर लघुवित्तको मूल्य १० प्रतिशत घट्यो । थ्रीस्टार हाइड्रोपावरको ९.९, धौलागिरि लघुवित्तको ८.१, गुराँस लघुवित्तको ७.२, कर्पोरेट डेभलपमेन्ट बैंकको ६.९, सप्तकोशी विकास बैंकको ६.९ तथा समाज लघुवित्तको मूल्य ६.८ प्रतिशत बढ्यो ।

# नेपाल नयाँ राजनीतिक संक्रमणको बाटोमा



इन्द्रप्रसाद गोतामे



नेपाल विशिष्ट खालको भूपरिवेष्टित देश हो । राजनीतिक पानी ढलो दक्षिण र पश्चिमको प्रभाव हाबी रहेकाले देश गम्भीर भूराजनीतिक, अर्थराजनीतिक समस्या र प्रभावमा पर्दै गएको छ । सन् १८१६ को सुगौली सन्धीदेखि विभिन्न समयमा भएका असमान सन्धि-सम्झौताले नेपाललाई परनिर्भर मात्र बनाएन, यसले हाम्रो सोचमा दास मनोवृत्ति र व्यवहारमा दलालहरूको जन्म गरायो । राजनीतिक अस्थिरता, आर्थिक अराजकता, अनौपचारिक र छाया अर्थतन्त्र, पूर्ण परनिर्भरता, उपभोक्तावादी संस्कृति, नेता, कर्मचारीदेखि जनस्तरसम्म भ्रष्टाचार र नकारात्मक सोच अर्थात् कथित लोकप्रियतावादी सोचको 'बुलिङ' आदि नेपाली राजनीतिका मूल समस्या हुन् ।

पुँजीवाद, उदारवाद, नवउदारवाद, वित्तीय पुँजीवाद र त्यसले पैदा गरेको दलाल पुँजीवादको घेरा र पासोमा परेको तथा रेमिट्यान्सबाट धानिएको, चरम भ्रष्टाचारमा गाँजिएको अर्थराजनीतिको वस्तुगत र आत्मगत अवस्था बदल्न र त्यसबाट नेपाललाई मुक्त गर्न प्रचण्डको निवर्तमान सरकारले प्रशासनिक र आर्थिक सुधारका लागि केही प्रयत्न गरेको थियो । सो सरकारले वर्षौंसम्म छानबिन नभएको ललिता निवास र बाँसबारी छालाजुत्ता कारखानाको जग्गा, नक्कली भुटानी शरणार्थी काण्ड, सुन काण्ड, गिरीबन्धु चिया उद्योगको जग्गा, सहकारीमा भएको भ्रष्टाचार, तराईलगायत देशका विभिन्न स्थानमा रहेका मिटरब्याजीपीडित जनताको समस्यासँग सम्बद्ध २५ भन्दा बढी फाइल खोल्ने निश्चित भएपछि आतंकित भएका नेपाली कांग्रेस र एमालेको नेतृत्व तह र राजनीतिक दलालहरूको मिलेमतोमा प्रचण्ड नेतृत्वको सरकार परिवर्तन गरियो ।

भ्रष्टाचारविरोधी अभियान रोक्न र विषयान्तर गर्न कांग्रेस र एमालेले राजनीतिक स्थायित्व र संविधान संशोधनको नाराद्वारा जनतालाई भ्रम दिन खोजिरहेका छन् । यो वातावरण बन्नुमा माओवादी पार्टीको संसद्मा उपस्थिति कमजोर हुनु, सरकार टिकाउन पटक-पटक गठबन्धनमा परिवर्तन गर्नुपर्ने बाध्यता सिर्जना हुनु, वामपन्थीको गठबन्धनविरुद्ध बाह्य र आन्तरिक शक्तिको चलखेल बढ्दै जानु, सानो र अल्पमतको शक्तिद्वारा प्रशासनिक र आर्थिक सुशासनको अभियानमाथि चारैतिर एकैपटक आक्रमण गर्नु, अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको हेरफेर हुँदै जानु, बहुध्रुव मुख्यतः पश्चिमाको प्रभाव रहनु, बिआरआइ र एमसिसी कार्यान्वयनलगायत वर्गीय पक्षधरता नै सरकार परिवर्तनको प्रमुख कारण हो ।

नेपालजस्तो देशमा शक्ति केन्द्रद्वारा सञ्चालित दक्षिण, पश्चिम वा अन्य शक्तिद्वारा परिचालित ती राजनीतिक शक्ति राजनीतिक नियुक्ति, राजदूतहरूको नियुक्ति, संवैधानिक निकायका पदाधिकारी, ठूला कर्मचारी, उच्च पदका सेना, प्रहरी, न्यायाधीश, गुप्तचरलगायतको नियुक्ति मात्र होइन, नेपालको राजनीतिक सन्तुलनलाई नै समेत वेलावेलामा हेरफेर गर्दै सरकार बनाउने र गिराउने खेलमा संलग्न रहँदै आएका छन् । दलाल पुँजीवाद आजको विश्वको र नेपालजस्तो गरिब देशको मूल समस्या हो । भ्रम सिर्जना गरेर, तर्क दिएर, नीतिगत निर्णयमा प्रभाव पारेर, युद्ध थोपरेर गरिब र सामरिक महत्वका देशको सरकार आफूअनुकूल परिवर्तन गर्नु, ती देशका प्राकृतिक स्रोतमाथि कब्जा जमाउनु र आफ्नो विरोधीलाई घेराबन्दी गर्नु दलाल र भूमण्डलीकृत पुँजीवादको विशेषता नै हो ।

प्रत्येक युगमा जनताको एजेन्डा अग्रगामी हुन्छ । २००७ सालमा राणाशाहीको अन्त्य गर्नु र प्रजातन्त्र स्थापना गर्नु जनताको तत्कालीन समयको अग्रगामी एजेन्डा हो । २०१७ सालको शाही कुद्वारा त्यसलाई पश्चगमनतिर फर्काइयो । २०१७ सालको नुवाकोट र धादिङको खनियावास काण्ड, २०२८ सालको झापा विद्रोहदेखि २०३० सालको हवाईजहाज अपहरण, २०३६ सालको जनआन्दोलन र जनमतसंग्रह, २०४२ को सत्याग्रह र बम काण्ड, हुँदै २०४६ को संयुक्त जनआन्दोलनपश्चात् पञ्चायती व्यवस्थाको अन्त्य बहुदलीय प्रजातन्त्रको स्थापना तत्कालीन समयको अग्रगामी ऐजेन्डा थियो ।

२०५२ देखि २०६२ सम्मको जनयुद्धले नयाँ जनवादी क्रान्ति हुँदै समाजवाद र साम्यवादसम्मको मार्ग प्रशस्त गर्न, नेपालको वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्यालाई स्थायी समाधान गर्न संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तत्कालीन समयको अग्रगामी ऐजेन्डा थियो । जसको कार्यान्वयन १२ बुँदे सम्झौता, २०६२ र ०६३ को संयुक्त जनआन्दोलन, शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचनमार्फत् नयाँ संविधान निर्माण गरियो, तर संविधानमा छुटेका अग्रगामी विषयको 'नोट अफ डिसेन्ट' लेखी माओवादी पार्टीले आफ्नो मत सुरक्षित गऱ्यो । संविधानमा नेपालको दीर्घकालीन लक्ष्य समाजवादउन्मुख समन्यायिक व्यवस्था हो भनियो, तर नेपालमा राजनीतिक र नीतिगत अस्थिरता कायमै रह्यो ।

राजनीतिक र नीतिगत अस्थिरतालाई बदल्दै राजनीतिक रूपमा दलाल र वित्तीय पुँजीवादको घेराबन्दीमा परेको र बुर्जुवाहरूको गफ गर्ने अखडा र राजनीतिक बिचौलियाको रूपमा स्थापित भएको संसदीय व्यवस्थालाई जनताको संसदीय व्यवस्थामा बदल्नु जरुरी छ । नेपाली मौलिकतामा आधारित प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रदेशमा मुख्यमन्त्री, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र पहिचानका आधारमा प्रदेशका नामकरण, दुई कार्यकालको व्यवस्था र राज्यलाई जनताको सच्चा व्यवस्थापकका रूपमा बदल्दै सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु अर्को आवश्यकता हो । समृद्ध नेपाल निर्माणका लागि उत्पादन, उत्पादन र फेरि पनि उत्पादनका आधारमा औद्योगिक क्रान्ति, निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगार, स्वरोजगार, सुरक्षा, सूचना, सञ्चार, मनोरञ्जन, पूर्वाधार निर्माणसहितको समाजवादी बाटो आजको युगको, आजको पुस्ताको नयाँ अग्रगामी एजेन्डा बनेको छ । यसलाई शान्तिपूर्ण ढंगले अगाडि बढाउने कि यसको समाधान नगरी फेरि नयाँ पुस्तालाई आन्दोलन गर्न बाध्य बनाउने रु यो जिम्मेवारी आज ठुला भनिने कांग्रेस र एमाले पार्टीको काँधमा आएको छ ।

निरन्तर प्रश्न गर्ने, निरन्तर विचारको विकास गर्ने चिन्तन नै मार्क्सवाद हो । हिजोको जस्तो कम्युनिस्ट पार्टीले नयाँ युगको नेतृत्व गर्न सक्दैन । नयाँ कम्युनिस्ट पार्टी आजको आवश्यकता हो । हिजो हामी क्रान्तिकारी थियौँ, आज क्रान्तिकारी छौँ वा संशोधनवादी ? आफैँलाई निरन्तर प्रश्न गरिरहेका छौँ । हामी पूर्ण प्रजातन्त्रवादी हौँ । आवश्यकता अनुसार कहिले अगाडि बढ्छौँ, कहिले पछाडि हट्छौँ । आवश्यकताअनुसार सम्झौता गर्छौं, सडक, सदन, सरकारका सबै विकल्प हामीसँग खुला छ । हामी इतिहासलाई तोडमोड गर्दैनौँ, जस्ताको तस्तै समर्थन र विरोध गर्छौं । संसदीय पार्टीहरूझैँ इतिहासको अपव्याख्या गर्दैनौँ । उहाँहरू जनयुद्धलाई जनयुद्ध भन्न सक्नुहुन्न ।

तर, हामी कांग्रेसले गरेको २००७ सालको सशस्त्र क्रान्ति, एमालेले २०२८ मा सुरु गरेको झापा विद्रोह र अन्य कम्युनिस्ट पार्टीले गरेका सबै आन्दोलनको मात्र होइन, तत्कालीन समयमा पृथ्वीनारायण शाहको राज्य एकीकरण र आज पुराना पार्टीहरूको कमजोरीविरुद्ध नयाँ पार्टी र शक्तिले गरेको सुशासनको आन्दोलनलाई हृदयैदेखि सम्मान गर्छौं । जसले राम्रो काम गर्छ, त्यसैलाई हामी स्थापित गर्न चाहन्छौँ । त्यसैले हामी अरूभन्दा भिन्न तर क्रान्तिकारी पार्टी हौँ । हामी आफ्नो कमजोरीप्रति गलत साबित भए स्वीकार गर्छौं । वर्ग भनेको गतिशील अवधारणा भएकाले आज कतिपय अवस्थामा हाम्रो पार्टीभित्र वर्ग संक्रमण र वर्गउत्थान, वर्गीय पक्षधरतामा उदारता देखा परेको छ । आफ्नो शक्तिमा भन्दा गठबन्धनमा बढी विश्वास गर्ने, पार्टी एकतामा अनावश्यक लचकता अपनाउने, भूराजनीतिक सन्तुलनमा विश्वास दिलाउन नसक्ने, सरकार सञ्चालन र सुशासनमा प्रतिक्रियावादी सत्ताले सफल हुन नदिने तथा सत्तामुखी र परिवारवादको आरोप लगाएर हामीलाई जनताबाट कटाउने प्रयत्न भइरहेको छ । प्रतिक्रियावादीहरूको घेराबन्दीका कारण गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक, समावेशितालाई ठिक ढंगले लागू गर्न नसक्नु हाम्रो मात्र कमजोरी पनि होइन । नजानेर गल्ती गरेका छौँ भने हामी त्यसलाई सुधार्न चाहन्छौँ । यो नै हाम्रो विशेषता हो ।

प्रतिक्रियावादीहरूले जनयुद्धमा भएको १७ हजारको उच्च बलिदानलाई अतिरञ्जित ढंगबाट नकारात्मक भाष्यका रूपमा प्रचार गरिरहेका छन् । विश्वका राजनीतिक आन्दोलनलाई हेर्ने हो भने नेपालमा भन्दा धेरै ठुल्ठुला रक्तपात भएको हामी पाउँछौँ । नेपालको इतिहास खोतल्ने हो भने पनि पृथ्वीनारायण शाहको राज्य एकीकरणका क्रममा २७ हजारभन्दा बढी मान्छेको बलिदान भएको थियो । दरबारभित्र भएका भण्डारखाल पर्व, कोतपर्वदेखि राजा वीरेन्द्रको वंशनाशसम्मका विभिन्न हत्या काण्ड हाम्रा सामु अझैं ताजा छन् । ००७ देखि ०६२र६३ सालसम्मका विभिन्न राजनीतिक आन्दोलन, त्यसपछिको मधेश, दलित, महिला तथा पिछडा वर्गको आन्दोलनमा भएका त्याग, तपस्या, साहस, शौर्य र उच्च बलिदानले यो उपलब्धि प्राप्त भएको तथ्यलाई हामी सबैले आत्मसात् गर्न सक्नुपर्छ । हामी संसद्वादी पार्टीलाई सोध्न चाहन्छौँ- तत्कालीन जनयुद्धविरुद्ध आतंककारी विधेयक के उद्देश्यले संसद्बाट कुन-कुन पार्टी मिलेर पास गरेको हो ? टाउकाको मूल्य कसले तोकेको हो रु अनि मान्छे मार्न कसले सुरु गऱ्यो रु एकपटक छातीमा हात राखेर सोचौँ ।

आज राजनीतिक स्थायित्वका नाममा संघीयता, समानुपातिक, धर्मनिरपेक्षता, समावेशी प्रतिनिधित्वको अन्त्य गरी बहुदलीय व्यवस्थाको विकल्पमा दुईदलीय प्रणाली बनाउने जुन पश्चगामी सौँच र परिकल्पना गरी संविधान संशोधन गर्ने वा नियमावली संशोधन गरेर भए पनि बहुदलभित्रबाटै १० प्रतिशत 'थ्रेसहोल्ड'को व्यवस्था गरेर यो अभीष्ट पूरा गर्न कांग्रेस र एमाले लागिपरेका छन् । अमेरिकाले दक्षिण एसियामा लागू गर्दै आएको ग्र्यान्ड डिजाइनका भ्रममा कांग्रेस र एमाले पर्नु ठूलो पश्चगामी कदम हो । सयौँ फूल फुल्न नदिने षड्यन्त्र हो । यो प्रजातन्त्रविरोधी कदम हो । नेपालीले बुझ्नैपर्ने के हो भने साना पार्टीका कारण होइन, ठुला पार्टीको अदूरदर्शिता र बेइमानीका कारण यो राजनीतिक अस्थिरता आएको हो ।

आन्दोलनको कोणबाट हेर्दा यो सत्ता गठबन्धन मूलतः पुराना पार्टी कांग्रेस र एमालेको पतनको लगभग अन्तिम बाटो हो । यसले नेपाली राजनीतिमा लामो अवधिदेखि रहँदै आएको गतिरोध र यथास्थितिलाई भत्काउँछ । यसले फेरि एउटा नयाँ आन्दोलनको वातावरण तयार गर्छ । नेपाललाई पूर्ण मुक्त गर्न नयाँ धारको बाटो खुल्नेछ । सरकार र सदनमा मात्र होइन, अब सडकमा पनि नयाँ ढंगको समाजवादी आन्दोलनको आधार तयार हुँदै गएको छ । यसको दुई विकल्प रहेको छ । पहिलो त्यसको नेतृत्व माओवादीलगायत कम्युनिस्ट पार्टी र समाजवादी शक्तिहरूले नै आत्मसमीक्षा गर्दै नयाँ विचारको विकास गरेर गर्न सक्नुपर्छ । अन्यथा, दोस्रो विकल्पमा माओवादीभन्दा उच्च विचार भएको अर्को शक्ति जन्मनेछ र त्यसले नेपाली समाजको नेतृत्व गर्नेछ । जसले संसद्वादी शक्तिहरूको लुटका लागि रचिएको षड्यन्त्र र प्रतिक्रान्तिको दिवास्वप्न ध्वस्त हुनेछ । नयाँ पत्रिकाबाट

# नियमित आलस खाँदा हुने फाइदा



तेल, मसला वा अचारमा छोपका रुपमा भान्सामा प्रयोग गरीन आलस भिटामिन र मिनरयुक्त शक्तिबर्धक आहार पनि हो । यसलाई प्राचीनकालदेखि नै खाद्यपदार्थको रूपमा प्रयोग गरिन्थ्यो भने आयुर्वेदको चरक संहितामा समेत यसको उपयोगबारे उल्लेख छ ।

आलसमा थोरै मात्रामा चिनी, प्रोटिन, क्याल्सियम, पोटासियम, फलाम, जिंक, फास्फोरस समेत पाइन्छ । यसमा कोलेस्ट्रोल र सोडियमको मात्रा अत्यन्त न्यून र रेसा (फाइबर) को मात्रा निकै बढी हुन्छ ।

आलसको तेलमा ग्लिसराइड र अनेक महत्वपूर्ण बोसो भएको अम्ल हुन्छ । यस्तो अम्लमा लिनोलिक र लिनोलेनिक नामक एसिड, पामिटिक, स्टियरिक, ओलिक एसिडको बाहेक मुटुलाई स्वस्थ राख्ने ओमेगा ३ फ्याटी एसिड पाइन्छ । यसले रक्तनलीमा बोसो जम्मा हुन दिँदैन ।

***के के छन् आलस सेवनको फाइदाहरु :***

१. आलसमा २७ प्रकारका क्यान्सररोधी तत्व पाइने भएकाले क्यान्सर हुनबाट जोगाउँछ ।
२. पुरुषमा प्रोस्टेट र महिलामा हुने स्तन क्यान्सर रोकथाममा आलस सेवन राम्रो हुन्छ ।
३. आलसको नियमित सेवनले शरीरले ऊर्जा पाउँछ, तनाव हट्छ ।
४. नियमित यसको सेवन गर्दा रगतमा चिनी तथा कोलेस्ट्रोलको मात्रालाई कम गर्छ ।
५. यसको सेवनले जोर्नीको कडापनलाई हटाउनुका साथै पेटलाई सफा गर्छ ।
६. आलस सेवन गर्नेहरूलाई कब्जियतले सताउँदैन ।
७. आलसको नियमित सेवनले हृदयरोगको खतरा र रक्तचाप नियन्त्रित गर्छ ।
८. आलसको नियमित उपयोगले छालालाई स्वस्थ हुनका साथै सुक्खापना हटाउँछ ।
९. यसको सेवनले कपाल र नङलाई बढाउँछ, साथै तिनलाई स्वस्थ र चम्किलो बनाउँछ ।
१०. आलसले छालाको बढ्दो उमेरको असरलाई समेत कम गर्छ ।
११. आलसको नियमित सेवनले रजोनिवृत्तिसँग सम्बन्धित समस्या समेत कम हुन्छ ।
१२. यसको सेवनले मासिक धर्मको समय हुने दुखाइ कम हुन्छ, गर्भाशयलाई स्वस्थ राख्छ ।



*कृष्णाष्टमीका लागि फोटो खरिद गर्दै सर्वसाधारण*

दाङको घोराही उप-महानगरपालिका-१४ स्थित बैंक रोडमा कृष्ण जन्माष्टमी पर्वको अवसरमा पूजा गर्नको लागि आइतबार भगवान कृष्ण अंकित फोटो खरिद गर्दै सर्वसाधारण। तस्विर : कुलदीप न्यौपाने/रासस

# तानसेन जान ५० प्रतिशत भाडा छुट



बुटवल । पाल्पाको प्रसिद्ध श्री ७ रणउजेश्वरी भगवती जात्राका अवसरमा यहि भाद्र ११ गते पाल्पाको तानसेन जानेआउने यात्रुलाई ५० प्रतिशत बसभाडा छुट हुने भएको छ । नेपालकै सबैभन्दा ठूलो सार्वजनिक यातायात व्यवसायीहरुको संस्था पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले भगवती यात्रामा सहभागिताका लागि यात्रुलाई ५० प्रतिशत भाडा छुट दिने निर्णय गरेको हो । प्रा.लि.अध्यक्ष दधिराम खरेलका अनुसार भगवती जात्राको महत्वलाई मध्येनजर गर्दै गतवर्ष जस्तै यस वर्ष पनि बुटवल र पाल्पा तानसेनको बसपार्क काउन्टरबाट टिकट काट्ने यात्रुहरुलाई बसभाडामा ५० प्रतिशत छुट दिने निर्णय गरिएको हो ।

बुटवलको जितगढीमा भएको नेपाल अंग्रेज युद्धमा विजय प्राप्त गरेको उत्सवका रुपमा मनाइने पाल्पाको भगवती जात्राको ऐतिहासिक महत्व र गरिमालाई सम्मान गर्दै बस भाडा छुट दिने निर्णय गरिएको अध्यक्ष खरेलले बताएका छन् ।

पाल्पाको भगवती जात्रा समग्र नेपाल र नेपालीको गौरवको विषय भएकोले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा समेत टेवा पुराउने उद्देश्यले प्रा.लि.को तर्फबाट गरिएको सानो प्रयास स्वरुप भगवती जात्राको दिन बस भाडामा छुट दिने गरिएको प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले जानकारी गराए ।

सामाजिक उत्तरदायित्व बहन गर्ने शिलशिलामा धार्मिक तथा साँस्कृतिक पर्यटन क्षेत्रमा पनि थोरै भएपनि योगदान होस् भन्ने उद्देश्यले समेत टिकटमा छुटको व्यवस्था गरिएको प्रबन्धक भुसालले बताएका छन् ।

उक्त छुट प्राप्त गर्नका लागि बुटवल र पाल्पा तानसेनको बसपार्कस्थित टिकट काउन्टरबाट टिकट काट्न अनिवार्य व्यवस्था गरिएको प्रा.लि.ले जनाएको छ । हरेक वर्ष भगवती जात्राका अवसरमा सो व्यवस्था गरिंदै आएको पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.ले जनाएको छ ।

# पर्यटक लोभ्याउने 'ढोरपाटन बुकी'

ढोरपाटन (बागलुङ) । अग्ला पहाडको शिरमा टक्क अडिएका समथर भू-भाग । कतै भिराला डाँडा, त कतै खोल्साखोल्सी । चारैतिर हरियाली । उत्तरतिर हेताम्य हिमाल । टाढा-टाढा छरिएर रहेका भेडीगोठ । भेडा र बाख्राका बथानले ढपक्क ढाकिएको बुकी हेर्न हजारौँ पर्यटक लालायित छन् । ढोरपाटनको बुकी हिजोआज चर्चामा छ । एक दशक अगाडिसम्म बर्खामा भेडा र भेडीगोठले भरिने बुकी क्षेत्र अहिले पर्यटकको चहलपहल बढ्न थालेको हो ।

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन यसै पनि चर्चित छ । त्यसमाथि आन्तरिक तथा बाह्य पर्यटकको बढ्दो आगमनले यसको प्रचारले व्यापकता पाएको हो । प्राकृतिक सुन्दरताले परिपूर्ण ढोरपाटनमा धेरैको रोजाइमा परेको छ । ढोरपाटनसँगै पछिल्लो समय बुकी पनि पर्यटक आकर्षणको केन्द्र बन्दै गएको छ । गत वर्षसम्म बुकी जाने पर्यटक निकै कम थिए ।

बुकी पुगेका पर्यटकले त्यहाँको भिडियो तथा तस्बिर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा फैलाएपछि भाइरल बन्यो । अहिले ढोरपाटन पुग्ने पर्यटक बुकीमा पुग्न चाहन्छन् । दशक अगाडिदेखि नै ढोरपाटन उपत्यका क्षेत्रमा फाट्टफुट्ट पर्यटक पुगे पनि अहिले बर्सेनि हजारौँको संख्यामा आउने गरेका छन् । ढोरपाटन उपत्यका समुन्द्री सतहदेखि करिब २९ सय मिटरको उचाइ पर्छ । ढोरपाटन उपत्यकादेखि बुकी पुग्न पैदल यात्रा गर्नुपर्छ । पैदल यात्रामार्फ बुकीमा तीनदेखि पाँच घण्टामा पुग्न सकिन्छ । २९ सयदेखि ४५ सय मिटरको उचाइमा रहेको बुकी क्षेत्र गोठालाको बासस्थान हो । यहाँ सयौँको संख्यामा गोठालाहरु अस्थायी गोठ बनाएर बसेका हुन्छन् । उनीहरुको हजारौँ भेडाबाख्रा, गाईभैँसी हुन्छन् ।

बर्खाको समयमा बढी चहलपहल हुने बुकी क्षेत्र हिउँदमा भने सुनसान हुन्छ । बर्खायाममा बुकी पुग्ने पर्यटकले हरियाली उच्च पहाड, पाटन, खर्क, दर्जनौँ हिमशृंखलाको दृश्यावलकन गर्न सक्छन् भने नजिकबाट गोठालाको जनजीवन अनुभूति गर्न सक्छन् । बागलुङको उच्च पहाडी क्षेत्र पर्ने बुकी निकै मनमोहक छ । प्रचारप्रसारको अभावमा आफेलमा परेको बुकी पछिल्लो समय पर्यटक पुग्न थालेपछि व्यापक प्रचार हुन थालेको छ । त्यसले गर्दा एकै महिनामा सयौँ आन्तरिक पर्यटक बुकी चढ्ने गरेको ढोरपाटन नगरपालिका-९ का व्यवसायी सन्देश थापाले बताए । गत असारदेखि हालसम्म ८० समूहका करिब पाँच सय पर्यटकलाई आफूले मात्रै बुकीमा बास दिएको उनको भनाइ छ ।

बुकीमा गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायत थुप्रै ठाउँ पर्छन् । बुकी पुग्ने पर्यटक गोठालाको गोठमा बास बसेर फर्किने गरेका छन् । यस वर्षदेखि बुकी पुग्ने पर्यटकका लागि लक्षित आफूले गोठस्टे (गोठबास) सञ्चालन गरेको उनको भनाइ छ । बुकीमा टाढा-टाढाबाट पर्यटकहरु पुग्ने र त्यहाँ बास बस्नका र खानाको व्यवस्था नभएको हुँदा गत असार २९ गतेदेखि गोठस्टे सञ्चालन गरेको थापा बताउँछन् । बुकी पुग्ने पर्यटकले हरिया पाटनहरु, गोठलो जीवन, धौलागिरि, माछापुच्छ्रे, पुठा हिमचुली, चुरेन, गुर्जा अन्नपूर्ण हिमशृंखला अवलोन गर्न सक्ने उनको भनाइ छ । बुकी चढ्ने सिजन जेठदेखि कात्तिक पहिलो साता भएको थापा बताउँछन् ।

थापाले भने-"बुकी त ढोरपाटनवासीको पशु चरन क्षेत्र हो, यो ठाउँ निकै मनोरम छ, अहिल जति पनि ढोरपाटन उपत्यकामा पर्यटक आउनुहुन्छ, उहाँहरुले यहाँको कुनै महसुस गर्न सक्नुभएको छैन, ढोरपाटन घुम्ने र रम्ने हो भने बुकीमा एकपटक पुग्नै पर्छ, गत वर्षसम्म त खासै मान्छे आउँदैनथे, फाट्टफुट्ट आएका पर्यटकले 'भिडियो' र फोटो खिचेर जानुभयो, ती भिडियो र फोटो भाइरल भएपछि अहिले बुकीमा आउने मान्छेको चाप बढेको छ ।"

कात्तिकदेखि चिसो बढ्ने हुँदा जेठसम्म बुकी सुनसान हुन्छ । गोठाला पनि बैँसी झर्ने हुँदा पर्यटक पनि बुकी उक्लिदैनन् । ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले ढोरपाटन आउने पर्यटकको रोजाइमा बुकी पर्न थालेको बताए । पाँच वर्षदेखि ढोरपाटन उपत्यकामा आउने पर्यटकको संख्या बढेको भन्दै पोहोर सालदेखि त बुकीमा समेत जान थालेको उनको भनाइ छ । बुकी चढ्ने पर्यटकलाई लेक लाग्ने हुँदा आफूहरुले प्राथमिक उपचारका बिधि सिकाउने र बैँसीबाट आएकाहरुलाई एकै पटक बुकी नचढ्न सुझाउने गरेको पुन बताउँछन् । यसै बर्खा लागे सयौँको संख्यामा पर्यटक बुकी उक्लिएको उनको भनाइ छ ।

"बुकीमा यति धेरै पर्यटक जालान् भन्ने लागेको थिएन तर नपत्याउँदो तरिकाले पर्यटक दिनदिनै बुकी उक्लिएको पाएका छौँ, शुक्रबार र शनिबार सबैभन्दा बढी पर्यटक बुकी जान्छन्, बुकी घुम्न र रमाउनका लागि निकै सुन्दर छ तर त्यहाँ जाँदा धेरै कुरामा ख्याल राख्नु पर्छ," अध्यक्ष पुनले भने- "चार/पाँच घण्टा यात्रा गर्नुपर्छ, यात्रा गर्दा लेक पनि लाग्न सक्छ, अति आवश्यक सामानहरु छुटाउनु हुँदैन, अब ढोरपाटन उपत्यकामा आउने धेरै पर्यटक बुकी पुग्ने देखियो, हामीहरुलाई पनि पर्यटकको आगमनले धेरै खुसी बनाएको छ ।"

गलकोटबाट घुम्न आएकी समिता अर्गेजाले बुकी मनमोहक रहेको बताइन । ढोरपाटन उपत्यकादेखि पाँच घण्टाको यात्रा गर्दा थकाइ लागेको सुनाउँदै बुकी पुगेपछि देखिएको दृश्यले एकै छिनमा थकान मेटाएको उनको भनाइ छ । अर्गेजाले चारजनाको टोली गएको भन्दै बुकी पुग्ने ठाउँ-ठाउँमा सूचना बोर्ड राखे बाहिरबाट आउने पर्यटकलाई ठाउँ पहिचान गर्न सहज हुने बताइन । रासस

# तीन गुणा बढ्यो विद्युत् खपत

काठमाडौँ । मुलुकबाट विद्युत्भार कटौती अन्त्य भई नियमित रुपमा विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ । आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत ६ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो । आठ वर्षअघि विद्युत् खपत वृद्धिदर नै ऋणात्मक थियो ।

गत आवमा सबैभन्दा बढी ग्राहस्थ्र्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ । बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन् । आठ वर्षअघि एक सय ३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा चार सय युनिट पुगेको छ ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युत्भार कटौती थियो । हिउँदमा दैनिक १४ घण्टासम्म विद्युत्भार कटौती गर्नुपर्ने प्रक्षेपण थियो ।

विसं २०७३ को कात्तिकदेखि काठमाडौँ उपत्यका हुँदै क्रमिक रुपमा देशका प्रमुख सहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युत्भार कटौती अन्त्य गरिएको थियो । सरकारले २०७५ वैशाखदेखि सिङ्गो मुलुक विद्युत्भार कटौतीमुक्त घोषणा गरेको थियो ।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् पुगेको थियो । अहिले ९९ प्रतिशतमा विद्युत् पुगेको छ । विद्युत्को पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय 'ग्रिड'बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत्, सौर्य ऊर्जालगायतबाट विद्युत् उपभोग गरिरहेका छन् । आठ वर्षअघि विद्युत्का ग्राहक करिब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्भार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको बताए ।

"ठूला तथा साना उद्योगलाई निरन्तर विद्युत् आपूर्ति भइरहेको छ, यस अवधिमा उद्योगको धेरै 'लोड' स्वीकृत गरिएको छ, खाना पकाउनेलगायत घरायसी प्रयोजनमा विद्युतीय उपकरणको प्रयोग बढेको छ, निजी तथा सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनको प्रयोग बढिरहेको छ, विद्युतीकरण व्यापक रुपमा गरिएको छ जसका कारण आन्तरिक रुपमा विद्युत्को खपत बढिरहेको छ ।"- उनले भने ।

## छानबिनमा...

सिद्धार्थनगर-६ का लालजित र सन्त मल्लाहका बुवा फौदार हुन भने काका सुखु मल्लाह । काका सुखु र काकी कवुतरीका कोखबाट सन्तान थिएनन् । उनीहरुका बुवा फौदारको २०७७ जेठ ८ र आमा झिनाको भने १० वर्ष अघि नै मृत्यु भइसकेको छ । काका सुखुको २०७८ असार १७ र काकी कपुतरी मल्लाहको २०७७ माघ १० मृत्यु भएको थियो ।

सुखु र कपुतरीबाचुञ्जेल उनको सम्पत्तिमा कसैको दाबी थिएन । तर मृत्युपछि एकाएक मालती र रिखीदेवी छोरी बनेर सम्पतीको अंश मागेपछि विवाद सुरु भएको हो । तत्कालीन न्यायाधीश लीलाराज अधिकारीको इजलासले २०७८ कार्तिक १५ गते फौदार र सुखुको नाममा रहेको जमिन लालजित र सन्तको नाममा जाने फैसला गरेको थियो । अंशबण्डा गरेर उनीहरुले सबै जायजेथा दुई भाइका नाममा गराए ।सुखुको नक्कली छोरी बनेर अंशका लागि सिद्धार्थनगर-८ की रिखीदेवी मल्लाह अग्रवाल र मायादेवी गाउँपालिका-३ की मालती मल्लाहले मुद्दा हालेका थिए ।

अंशसम्बन्धी विषयमा रुपन्देही अदालतमा परेको मुद्दामा २०८० भदौ २६ मा फैसला गर्दै न्यायाधीश उमेश कोइरालाको इजलासले २०१२ साल जन्म मिति रहेकी मालती मल्लाहीनलाई २००६ सालमा जन्मिएका सुखु मल्लाहको छोरी कायम गरिदिएका थिए ।

२०४० असोज ११ गते जारी भएको सुखुको नागरिकतामा उल्लेख भएको उमेर अनुसार उनको जन्ममिती २००६ देखिन्छ । अनि जिल्ला प्रशासन कार्यालयबाट जारी मल्ती मल्लाहीनको उल्लेख उमेर अनुसार उनको जन्ममिति २०१२ साल नै उल्लेख छ । जहाँ उनको बाबुको नामको ठाउँमा सुखुको नाम राखिएको छ । जारी मिति २०४६ जेठ २० उल्लेख छ ।

तत्कालीन जिल्ला न्यायाधीश कोइरालाले नागरिकतामा बाबुको नाम लेखेको आधारमा पुनः प्रश्न उठाउन र थप प्रमाण खोज्न आवश्यक नभएको भन्दै मालतीलाई सुखुको छोरी कायम गरिदिएका थिए ।

अंश मुद्दा हाल्ने रिखीदेवी र मालतीले सुखुको दुई श्रीमती रहेको दाबी गरेका थिए । रिखीदेवीले सुखुको पहिलो श्रीमती कवुतरी र मालतीले दोस्रो श्रीमती फूलझरी मल्लाहको छोरी भएको दाबी गरेका थिए । जबकी मालती मल्लाहीन भारतको बस्ती जिल्लाको मेहदावलका भारतीय नागरिक बदल मल्लाहको जेठी श्रीमतीबाट जन्मिएकी र रिखीदेवी बदलकी कान्छी श्रीमती मैनादेवी मल्लाहीनको कोखबाट जन्मिएकी छोरी भएको लालजित र सन्तको दावी छ । मालती र रिखीदेवीले सुखुको छोरीहरु हो भनेर दाबी गर्दै सिद्धार्थनगर नगरपालिका-६ मासुखुको मृत्युदर्ता माग गरेका थिए । तर, वडा कार्यालयले दिएको थिएन । त्यसपछि उनीहरुले उच्च अदालत बुटवलमा सिद्धार्थनगर नगरपालिका र वडा नं. ६ को कार्यालयविरुद्ध मुद्दा दायर गरेका थिए । उनीहरुले अदालतमा सुखु मल्लाहको छोरी भएको प्रमाण पेस गर्न सकेनन् ।

त्यसबेला अदालतमा मालती र रिखिदेवीले एकअर्कालाई आफू मात्रै सुखुको छोरी भएको दावी गर्दै मुद्दा लडे । तर, अदालतले मालतीको जन्म र बुवा दावी गरिएका सुखुको जन्ममिति जम्मा ६ वर्ष फरक देखिएको तथा रिखिदेवीको दाबी र प्रमाण झुठा भएको भन्दै न्यायाधीश अच्युतप्रसाद भण्डारीको इजलासले २०७८ माघ ५ गते रिट निवेदन नै खारेज गरिदिएको थियो । उच्चले नगर र वडाविरुद्ध हालेको रिट खारेज गरे पछि रिखीदेवी र मालती सुखुको छोरी भएको प्रमाणित हुन सकेन । त्यसपछि रिखीदेवीले दुबै आमाको पालनपोषण, शेषपछि काजक्रिया गरेको र उनीहरुको अंश हक खाने म एक मात्र हकवाल भएको भन्दै लालजित र सन्तको नाममा गएको जमिन आफ्नो नाममा ल्याउन माग दाबी गर्दै रुपन्देही जिल्ला अदालतमा २०७८ पुसमा मुद्दा हालिन् ।

सुखु मल्लाहको हुँदै नभएको दोस्रो श्रीमती फूलझडीको छोरी भएको दाबी गरेकी मालतीले पनि २०७८ फागुनमा बुवा सुखुको दुई श्रीमतीका आफू र रिखीदेवी छोरी रहेको भन्दै अंश नाममा गरिदिन माग दाबीसहित जिल्ला अदालतमा मुद्दा हालिन् । 'मुद्दा चलिरहेकै बखत उनीहरुले वडा नम्बर ६ का वडाध्यक्ष वीरेन्द्र श्रीवास्तवले झुठा विवरण दिन नमानेपछि वडा सचिव विनोद कर्णमार्फत् सेटिङ मिलाएर मिलेमतोमा वडा नं. ६ बाट काका सुखुको मृत्युदर्ता प्रमाण निकालेका थिए,'- लालजित भन्छन्-'त्यसअघि नै हामीले काका सुखुको मृत्युदर्ता कसैलाई पनि नदिनु भनेर निवेदन पनि दिएका थियौं । तर वडासचिव कर्णले छोरी भनेर मृत्युदर्ता दिए ।'

रिखीदेवी र मालतीले नागरिकता बनाउँदा बुवाको नाम सुखु मल्लाह राखेर श्रीमानको सनाखतमा नागरिक बनाएका छन् । अदालतमा मुद्दा परेपछि लालजित र सन्तले जिल्ला प्रशासनमा मालती र रिखीदेवीको नागरिकता खारेजी माग गर्दै मुद्दा दिएका थिए । तर, प्रशासनले जाँचबुझ गरेन । उनीहरुको नागरिकता मगाएर अनुसन्धानका लागि भनेर राखेको थियो । तर, सिद्धार्थनगरका नगर प्रमुख इशितयाक अहमद खाँ र मायादेवी गाउँपालिका-३ का वडाध्यक्ष मोहम्मद रफिक खाँनको रोहबरमा फिर्ता गरियो । प्रशासनले रिखीदेवी र मालतीको नागरिकता बारे सर्जमिन भने गरेको छ । तर, सिद्धार्थनगर-६ मा सर्जमिन गर्नुपर्नेमा मिलेमतोमा वडा नम्बर ८ मा सर्जमिन गरियो । 'सिद्धार्थनगरका नगर प्रमुख इशितयाक अहम्मद खाँ, तत्कालीन रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सिद्धार्थनगर वडा नम्बर ६ का वडा सचिव विनोद कर्णलगायत प्रहरीसमेतको मिलेमतोमा नगरपालिकाको कार्यालयमा बसेर सर्जमिन गरियो र उक्त सर्जमिन वडा नम्बर ८ मा गरेको भनियो,' सन्तले भने- 'जुन सर्जमिनमा रिखीदेवी र मालती सुखु मल्लाहको छोरी हुन् भनिएको छ ।'

यो बीचमा प्रशासनले अदालतले मागेअनुसार कागजात पठाएन । मिलेमतोमा तत्कालीन प्रमुख जिल्ला अधिकारी भरतमणि पणडेले रिखीदेवी र मालतीविरुद्धको नागरिकता छानविनको निवेदन तामेलीमा राखेको आरोप पीडितको छ । 'अदालतले मागेको कागज नपठाई सम्बन्धित वडामा सर्जमिन नगरी फरक ठाउँमा सर्जमिन गरेर कागजात पठाउँदा रुपन्देही जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको इजालासले २०८० भदौ २६ गते फैसला गर्दै निसन्तान हाम्रा काका सुखुको सम्पत्ती नक्कली छोरीहरु रिखीदेवी र मालतीको नाममा जाने फैसला गरेको हो ।'- पीडित सन्त र लालजित भन्छन् । फैसला अनुसार जग्गा रिखीदेवी र मालतीको नाममा गए सिद्धार्थनगर, सियारी र ओसतियाको करिब १८ कठ्ठा र घर गरी साढे दुई करोड बराबरको जमिन जान्छ । मालती र सुखुको उमेर जम्मा ६ वर्षको फरक छ । अहिले फेरि जिल्ला प्रशासनले रिखीदेवी र मालतीविरुद्ध अर्को निवेदन लिएर नागरिकता बारे अनुसन्धान गरिरहेको छ ।

'पहिला पनि सर्जमिन भएको रहेछ, पीडितहरुले पुनः तामेली जगाउन भन्दै निवेदन दिनुभयो, यसबारे हामीले बुझ्यौं र दर्ता गर्यौं', रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गाणेश अर्यालले भने-'त्यसपछि पुनः प्रहरीमार्फत् वडा कार्यालयमा गएर सम्बन्धित ठाउँमा सर्जमिन गरेर आएको छ । अहिले अनुसन्धान हुँदैछ ।' उनका अनुसार केही तथ्यहरु र कागजात फेला परेपछि रिखीदेवी र मालतीको नागरिकताबारे अनुसन्धान सुरु गरिएको हो ।'केही विषयहरु शंकास्पद र सन्देहास्पद छन्,' प्रजिअ अर्यालले भने-'अझैं अध्ययन गर्नुपर्ने जस्तो देखिन्छ ।' प्रजिअ अर्यालले सम्बन्धित व्यक्तिको मृत्यु भएकाले कसको डिएनए परीक्षण गर्ने भन्ने प्रश्न उठेको बताए ।

स्रोतका अनुसार हाल प्रशासनले पुनः प्रहरीमार्फत् सम्बन्धित वडा सिद्धार्थनगर नगरपालिका-६ मा गएर सर्जमिन गर्दा सुखु मल्लाहको कुनै सन्तान नभएको र रिखीदेवी र मालती भारतीय नागरिक बदल मल्लाहको छोरी हुन भन्ने सर्जमिन मुचुल्का प्रशासनमा पुगेको छ । वडा नं. ६ का वडाध्यक्ष वीरेन्द्रकुमार श्रीवास्तव, प्राध्यापक डा.शंकरप्रसाद नेपाल लगायत, स्थानीय, प्रहरीको रोहवरमा गरिएको पछिल्लो वास्तविक सर्जमिन सही भएको पीडितको भनाइ छ । यो बीचमा पीडित मल्लाह दाजुभाईले उच्च अदालत बुटवलमा जिल्लाको फैसला त्रुटीपूर्ण रहेको भन्दै मुद्दा पुनरावेदन दिएका छन् । उक्त मुद्दा विचारधीन छ ।

मुद्दा विचारधीन रहेकै बेला रिखीदेवीले मालती भारतीय नागरिकको छोरी भएको भन्दै अर्को निवेदन अदालतमा बुझाएकी छन् । 'सरकारी कार्यालय र अदालतपिच्छे फरक फरक बयान गरेका कारण पनि रिखीदेवी र मालतीले झुटा विवरणबाट सम्पत्ती लिन खोजेको पुष्टि हुनजान्छ,' पीडित सन्त भन्छन्-'तत्काल प्रशासनले उनीहरुको नागरिकता खारेज गरोस् । हामीलाई न्याय देओस् ।'

## पुरक...

बर्दिया जिल्लामा आठ वटा स्थानीय तह छन् । समग्र जिल्लाको सन्तुलित विकासका लागि प्रदेश सरकारले एकिकृत योजना निर्माण गरेर कार्यान्वयन चरणमा लैजान नेकपा एमाले लुम्बिनी प्रदेश सदस्य लालबहादुर श्रेष्ठले सुझाए । समानुपातिक रुपमा बजेट निर्माण प्रक्रिया अपनाउन आग्रह गरिएको हो । बर्दिया जिल्लामा भारतसंग जोडिएका नाकाहरुलाई व्यापारिक नाकाको रुपमा विकास गर्न माग राखिएको छ । ठाकुरबाबा नगरपालिकाका उपप्रमुख बिना भट्टराईले गुलरिया नाका सुचारु गर्न माग राखिन । लुम्बिनी प्रदेशका संस्थापक उपसभामुख कृष्णी थारुले बर्दिया जिल्लाको समग्र विकासमा ध्यान दिन आग्रह गरिन् । टोलीमा आएका सदस्यहरुले किसानले दूधको भुक्तानी नपाएको समेत बताएका थिए । यस्तै अटिजम भएका बालबालिकाको संख्या बढ्न थालेको भन्दै समस्या समाधान गर्न सरकारलाई आग्रह गरिएको छ । यस्तै समावेशी तथा सांकेतिक भाषा शिक्षा कार्यक्रम चलाउन पनि माग राखिएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा सेवाग्राही मर्कामा



गौरीशंकर जयसवाल

*परासी*

पश्चिम नवलपरासीका तीन स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा सेवाग्राही मर्कामा परेका छन् । रामग्राम, सुनवल नगरपालिका र सरावल गाउँपालिकाले जग्गाको वर्गीकरण नगर्दा सेवाग्राही मार्कमा परेका हुन । रामग्राम र सुनवल नगरपालिका तथा सरावल गाउँपालिकाले जग्गाको वर्गीकरण नगर्दा स्थानीय तहको कित्ताकाट रोकिएको छ ।

सरकारले गत वर्ष जारी गरेको भू-उपयोग(पहिलो संशोधन) नियमावली २०८० अनुसार स्थानीय तहले एक वर्ष भित्र जग्गा वर्गीकरण गरिसक्नुपर्ने थियो । तर पश्चिम नवलपरासीका बर्दघाट नगरपालिका, पाल्हीनन्दन, प्रतापपुर र सुस्ता गाउँपालिकाले मात्र समयमै जग्गाको वर्गीकरण गरेको नापी कार्यालय परासीका प्रमुख कैलाशनाथ पाण्डेले जानकारी दिए ।

२०८० साउन ३२ गते राजपत्रमा नियमावली प्रकाशित भएकोले त्यसको एक वर्ष अर्थात् २०८१ को साउत ३२ गते भित्र जग्गा वर्गीकरण गरिक्नुपर्ने थियो । समयमै जग्गाको वर्गीकरण नगरेका कारण रामग्राम, सुनवल र सरावलमा भदौ १ गतेदेखि कित्ताकाट रोकिएको नापी कार्यालय प्रमुख पाण्डेले बताए ।

'तीनै पालिकाले अहिलेसम्म मापदण्डअनुसारको जग्गा वर्गीकरणको फाइल बुझाएका छैनन्,' उनले भने- 'कित्ताकाट रोकिएपछि सर्वसाधारण मर्कामा परेका छन् भने घरजग्गा कारोबारमा समेत असर देखिएको छ, कित्ताकाट रोकिएपछि राजस्व संकलन समेत प्रभावित भएको छ ।'

सरकारले जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्न पाइने व्यवस्था लागू गरेको छ । जग्गाको वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । तर स्थानीय तहले जग्गा वर्गीकरणमा खासै चासो दिएको पाइदैन ।

स्थानीय सरकारले जनताको प्रत्यक्ष सरोकार रहेको यस्तो महत्वपूर्ण काम नगर्नु दुःखद भएको सेवाग्राही बताउँछन् । जनताप्रति समर्पित भएर तत्काल जग्गा वर्गीकरण गर्नुपर्ने नागरिक समाजका अध्यक्ष राधेश्यामसिंह सैथवारले माग गरे ।

सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीले जग्गा वर्गीकरणको सबै काम सकिएर पुस्तक छपाइको काम भइरहेको बताए । अब केही दिनमै उक्त फाइल नापी र मालपोत कार्यालयमा बुझाइने उनले जानकारी दिए ।

रामग्राम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यमबहादुर कुँवरले जग्गा वर्गीकरणको डिजिटल फाइल सम्बन्धित कार्यालयमा बुझाइसकेको दाबी गरे ।

सुनवल नगरपालिकाकी मेयर विमला अर्यालले गत वर्ष जग्गा वर्गीकरणको कामका लागि बजेट अभाव भएकोले काम अघि बढ्न नसके पनि यस वर्ष प्राथमिकताका साथ वर्गीकरणको काम अघि बढिसकेको जानकारी दिइन ।

# ओम्स नेपालको अध्यक्षमा पराजुली



बुटवल । बजार व्यवस्थापन तथा बिक्री कर्मचारी संघ (ओम्स) नेपालको प्रथम महाधिवेशनबाट अध्यक्ष पदमा पुनः बुटवलका सूर्य पराजुली सर्वसम्मत निर्वाचित भएका छन् ।

बुटवलमा सम्पन्न महाधिवेशनबाट पराजुलीको नेतृत्वमा २६ सदस्यीय कार्यसमिति चयन भएको हो । जसको वरिष्ठ उपाध्यक्षमा बसन्तराज सिग्देल, उपाध्यक्षहरुमा शैलेश न्यौपाने, डम्बरबहादुर ठकुल्ला र राजन कार्की, महासचिवमा नवराज भुर्तेल, उप-महासचिवहरुमा जनक ढकाल र बाबुराम पोखरेल, सचिवहरुमा पंकज कुमार मिश्र, किशोर वाबु पुरी, सुवाष कुमार श्रेष्ठ र कोषाध्यक्षमा सूर्यप्रसाद पराजुली चयन भएका छन् ।

यस्तै केन्द्रीय सदस्यहरुमा डोरप्रसाद काफ्ले, शिवहरि पोखरेल, पुष्करसिंह धामी, महेश फुलारा, देवेन्द्र गिरी, सलमान कार्की, आह्वान सुवेदी, बद्री अधिकारी, देवप्रसाद शर्मा र रामसिंह पटेल निर्वाचित भएका छन् ।

यस्तै हरि रिमाल, नरमाया चौधरी, मीनाकुमारी भट्ट, अजितकुमार झा, अरविन्द्रकुमार मिश्रा र सुरजकुमार सिंह पनि केन्द्रीय सदस्य निर्वाचित भएका छन् । संस्थाको महाधिवेशन उद्घाटन जिफन्टका केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठले गरेका थिए । ओम्स नेपालमा देशभरका करिब ५ हजार बजार व्यवस्थापन र बिक्रीमा काम गर्ने कर्मचारी र मजदुर आबद्ध रहेका अध्यक्ष पराजुलीले बताए ।

# निर्माण उद्योग परिषद लुम्बिनी अध्यक्षमा भुसाल




बुटवल । नेकपा एमाले सम्बध निर्माण व्यवसायीहरुको संस्था नेपाल निर्माण उद्योग परिषद लुम्बिनी प्रदेश कमिटी अध्यक्षमा नारायणप्रसाद भुषाल सर्वसम्मत निर्वाचित भएका छन् । देउखुरीमा आइतबार भएको दोस्रो अधिवेशनबाट ३१ सदस्यीय परिषद्को वरिष्ठ उपाध्यक्ष नरेशबहादुर शाही (बाँके), प्रथम उपाध्यक्ष गोपाल पौडेल (पाल्पा), द्वितीय उपाध्यक्ष रामबहादुर भण्डारी (नवलपरासी), तृतीय उपाध्यक्ष गुञ्जकुमार गुप्ता कपिलवस्तु, महासचिव जविन कक्षपति (रुपन्देही), उप-महासचिव (नीतिगत) सन्तोष रेग्मी (बर्दिया), उप-महासचिव (आन्तरिक) दिपेन्द्र केसी (प्यूठान), कोषाध्यक्ष राकेशकुमार पाण्डे (दाङ), सह-कोषाध्यक्ष प्रयास खड्का रुपन्देही रहेका छन् ।

यसैगरी सदस्यहरुमा रेशम केसी (दाङ), सचिन थापा (बाँके), दधिराम पाण्डे (गुल्मी), रमेश बेल्बासे (रुपन्देही), अच्युतराज गौतम (रुपन्देही), माधव भुषाल (अर्घाखाँची), रोशन वली (रोल्पा), कृष्णबहादुर खड्का (रुकुम) रहेका छन् । यसैगरी लुम्बिनी प्रदेशअन्तरगत नेपाल निर्माण उद्योग परिषद्का १२ जिल्ला अध्यक्ष प्रदेशको पदेन सदस्य रहने व्यवस्था छ ।

नवनिर्वाचित अध्यक्ष भुषालले संघको नारा 'दिगो निर्माण, विकासको आधार, राष्ट्रको समृद्धि, गुणस्तरीय पूर्वाधार' अनुसार नै आफू संस्थाको हकहितमा काम गर्ने प्रतिबद्धता जनाए । एक समारोहकाबिच लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अधिवेशनको उद्घाटन गर्दै निर्माण व्यवसायीका समस्या समाधान गर्न सरकार लागेको बताएका थिए ।

# बजेट बिनियोजनमा नागरिक असन्तुष्ट

श्रीकृष्ण सिग्देल

*स्याङ्जा*



वालिङ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि बिनियोजन गरेको बजेटप्रति नागरिकहरुले असन्तुष्ट जनाएका छन् । बजेटले नागरिकका योजनाहरु नसमेटिएको भन्दै असन्तुष्ट जनाएका हुन् । चालु आर्थिक बर्षको बजेटले गौरवका आयोजना समेत नसमेट्ने र टुक्रे योजना बनाई नगरपालिकाको बृहत्तर विकासमा असर परेको भन्दै ध्यानाकर्षण समेत गराएका छन् । वालिङ नगरपालिकाको राजधानीको रुपमा रहेको ८ नम्बर वडाका नागरिकहरुले वडाध्यक्ष र नगर प्रमुखलाई अल्टिमेटमसहितको ज्ञापनपत्र समेत बुझाएका छन् ।

२०५३ सालदेखि वालिङ बजारको रिङ्गरोडको रुपमा रहेको खरिबोट (मिर्दी), भिमटारी, बीपीचोक हुँदै डुम्रीकोट सडक दुई वषदेखि अलपत्र रहेकाले यो सडक तुरुन्त निर्माण कार्य सुरु गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् । संघर्ष समितिका संयोजक हुमनाथ अर्याल (बचन) ले यो सडक नगरपालिकाको गौरवको योजना रहेको भन्दै यस सडक निर्माण कार्यमा नगरपालिका गम्भीर नभएको आरोप लगाएका छन् । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुग्ने अपेक्षा नागरिकले गरेका थिए, तर गाउँ-गाउँमा पुगेका सिंहदरबारहरु भ्रष्टचारमा लिप्त हुन थालेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । 'स्थानीय तहलाई जनताको घरदैलोको सरकारको रुपमा लिएका छौं,' ज्ञापनपत्रमा भनिएको छ-'नागरिकको आवश्यकताभन्दा पनि जनप्रतिनिधिले लाभलिने योजनालाई प्रथामिकतामा दिन थालिएको महशुष गरिएको छ ।' जसले गर्दा नगरपालिकाको गौरवाका आयोजना अलपत्र पार्ने र जनप्रतिनिधिले लाभ लिने कार्य बन्द गर्नुपर्छ वडावासीको तर्फबाट संयोजक अर्यालले बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । नगरपालिकाको १६औं नगरसभाबाट सार्वजनिक भएको बजेटमा उक्त सडक बनाउने प्रतिबद्धता ७ दिनभित्र दिन नसकेमा वडा कार्यालयसहित नगरपालिकामा समेत तालाबन्दी गर्ने चेतावनी वडावासीले दिएका छन् । तालाबन्दीपछि नागरिकमा पर्ने असुविधाको वडा कार्यालय र नगरपालिका जिम्मेवार हुनुपर्ने समेत वडावासीले चेतावनी दिएका छन् ।

वडावासीको ज्ञापनपत्र बुझ्दै नगरप्रमुख कृष्ण खाँणले सीमित साधनश्रोतले नगरको विकासमा भनेजस्तो काम गर्न नसकिएको उल्लेख गरे । नगरपालिकाकै पुरानो यो सडक निर्माणका लागि नगरपालिकाले छिट्टै निकास दिने प्रतिबद्धता समेत व्यक्त गरे । 'वालिङ नगरपालिकाले ३ ओटा सडकलाई प्रथामिकतामा राखेको छ,' ज्ञापनपत्र बुझ्दै नगर प्रमुख खाँणले भने-'प्रथामिकतामा राखेका सडक निर्माणका लागि प्रदेश र संघीय सरकारसँग माग गर्ने योजनामा छौं, जनप्रतिनिधिलाई झकझक्याउने काम गरेकोमा वडावासी धन्यवादको पात्र हुनुभएको छ ।'

वडा नम्बर ८ का वडाध्यक्ष दामोदर तिवारीले वडावासीको मागप्रति आफू गम्भीर रहेको बताए । नगरपालिकामा पर्याप्त बजेट नहुँदा सडक बनाउन ढिलाइ भएको तिवारीको भनाइ छ । वडावासीले दिएको सुझावलाई आफूले अनुसरण गर्दै यो सडक निर्माणमा वडा कार्यालयको पूर्ण सहयोग हुने प्रतिबद्धता व्यक्त गरे । वालिङ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि ९६ करोड १४ लाख ४१ हजार रुपैयाँ बजेट बिनियोजन गरेको छ । जनप्रतिनिधिहरुको विवादका कारण अहिलेसम्म पनि बजेट पारित नभएको बताइएको छ ।


## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय सदस्य महानुभावहरु,

यस संस्थाको मिति २०८१ श्रावण २७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १४औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध गर्दछौ ।

कार्यक्रम विवरण:

मिति : २०८१ भाद्र २९ गते शनिबार ।

समय : बिहान १०:०० बजे ।

स्थान : उद्योग वाणिज्य संघको सभाहल (कालिकास्थान भैरहवा,रुपन्देही)

छलफलका बिषयहरु :-

१) संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति तथा अनुमोदन सम्बन्धमा ।
२) आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षणको प्रतिवेदन प्रस्तुति तथा अनुमोदन सम्बन्धमा ।
३) आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुति तथा अनुमोदन सम्बन्धमा ।
४) आ.व. २०८१/०८२ को अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुति तथा अनुमोदन सम्बन्धमा ।
५) आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) लाभांश वितरण सम्बन्धमा ।
७) १ जना संचालक समिति सदस्य र १जना लेखा समिति सदस्यको पदपूर्ति सम्बन्धमा ।
८) संस्थाको नीति, नियमावली र कार्यविधि संशोधन तथा स्वीकृत सम्बन्धमा ।
९) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
१०) विविध ।

सुरज पोखरेल, ९८५७०१५३४३, प्रबन्धक
केशवराज आचार्य, ९८४७०३१६५६, सचिव
कविराम भट्टराई, ९८४७०८७५९०, अध्यक्ष

दर्ता नं. २०६७/६८ ६९०(२४३०)
पान नं. ३०४७१५६११
फोन नं. ०७१-५७२६४४

अविरल बचत तथा ऋण सहकारी संस्था लि.
Aviral Saving & Credit Co-operative Ltd.



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com



ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

आले डेण्टल हस्पिटल प्रा. लि.

श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र





"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com